बैठक नं.९

आज मिति २०७९/०९/२० गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिका हल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | टेकराज पन्थी | प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं.९.१
**अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।**
निर्णय नं.९.१

- नगरसभाको १२ औं अधिवेशन मिति २०७९।९।२१ गते दिनको ३:०० बजे बस्ने गरी निर्णय लिइएको ।
- आ.व.०८०/०८१ का थप पूर्वाधार विकास सम्बन्धी आयोजना/कार्यक्रम कार्यान्वयन एवं निर्माण गर्नको लागि समपुरक र विशेष अन्तर्गतका आयोजना छनौट गरी स्वीकृतिका लागि राष्ट्रिय योजना आयोग सिंहदरवार, काठमाण्डौमा प्रस्ताव पठाउने गरी निर्णय गरिएको ।
- आर्थिक कार्यसंचालन निर्देशिका, २०७८ माथि तेस्रो संशोधन गरिएको ।
- विभिन्न मितिमा योजना कार्यान्वयन गर्ने गरी भएका सम्झौताहरुको म्याद समाप्त भई म्याद थपका लागि अनुरोध भई आएको हुँदा प्राविधिक पुस्ट्याईका आधारमा ४ वटा आयोजनाहरुको म्याद थप गरिएको ।
- बुटवल उपमहानगरपालिका र सम्बन्धित निर्माण व्यवसायी (दुवै पक्ष) को सहमतिका आधारमा २ वटा आयोजनाहरुको खरिद सम्झौता अन्त्य गर्ने निर्णय गरिएको ।
- श्रम बैंक संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९ टेबुल गरिएको ।
- प्रधानमन्त्री रोजगार अन्तर्गतका विभिन्न वडाहरुबाट प्रस्ताव भई आएका ३३ वटा आयोजनाहरु संचालन गर्ने गरी स्वीकृतिका लागि नगरसभाको १२ औं अधिवेशनमा पेश गर्ने गरी सिफारिस गरिएको ।
- बुटवल उपमहानगरपालिका वडा नं.७ मा अवस्थित भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको जग्गा साविकको सुकुम्वासी आयोगबाट नाप नक्शांकन भई नक्शा तयार भएकोमा पुनः नापी टोलीबाट समेत नापनक्शा भई फिल्डनक्शा तयार भईसकेको तर ६ परिवारको जग्गाको मात्र लालपूर्जा लिन बाँकी रहेको हुँदा उल्लेखित अव्यवस्थित वसोवासी ६ परिवारहरुको लालपूर्जा प्राप्तिको लागि प्रकिया अगाडि बढाउन राष्ट्रिय भुमि आयोग, जिल्ला समिति रुपन्देहीमा सिफारिस गरिएको ।
- स्वमूल्यांकन अन्तर्गतका कार्यहरुको सूचक बमोजिमका कागजातहरु प्रणालीमा प्रविष्टि भएको व्यहोरा जानकारीमा लिइएको ।
- कार्यदलबाट प्राप्त प्रतिवेदन जानकारीमा लिइएको ।
- १६/३६ कुलोको मुहानको मात्र सरसफाई गर्ने गरी एक समिति गठन गरिएको ।
- सहयोग सम्बन्धी निर्णय गरिएको ।

प्रस्ताव नं.९.२
**श्रम बैंक संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९ स्वीकृत सम्बन्धमा ।**
निर्णय नं.९.२
मिति २०७९।९।१४ मा बसेको नगरकार्यपालिकाको आठौं बैठकको निर्णय नं.८.७ अन्तर्गत टेवुल भएको बुटवल उपमहानगरपालिकाको श्रम बैंक संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९ माथि

दफावार छलफल गरियो । निर्देशिका माथिको छलफलमा उठेका विषयहरुलाई तत् तत् दफा उपदफाहरुमा समावेश गर्ने गरी उक्त निर्देशिका स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.९.३**

**नगर स्वास्थ्य ऐन, २०७५ माथि संशोधन सम्बन्धमा।**

**निर्णय न.९.३**

बुटवल उपमहानगरपालिकाको नगर स्वास्थ्य ऐन, २०७५ माथि समय सापेक्षित रुपमा संशोधन गर्न आवश्यक भएको हुँदा देहाय बमोजिम हुने गरी संशोधन हुन मिति २०७९।९।२१ गते दिनको ३:०० बजे बस्ने नगरसभाको १२ औं अधिवेशनमा उक्त ऐनको संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| ऐनको परिच्छेद, दफा, उपदफा | भएको व्यवस्था | संशोधन वा थप गर्नका लागि प्रस्ताव | कारण |
|---|---|---|---|
| प्रस्तावना | ....नेपालको संविधान २०७२ को धारा १२६ तथा......... | .....नेपालको संविधान २०७२ को धारा २२६ तथा ......... | नेपालको संविधान बमोजिमको धारा राखिएको, |
| परिच्छेद १, दफा २ को खण्ड झ | (झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट सञ्चालित अस्पताल,.................., शहरी स्वास्थ्य केन्द्र तथा चौकीलाई सम्झनु पर्दछ । | (झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट सञ्चालित अस्पताल,.................., शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र तथा चौकीलाई सम्झनु पर्दछ । | स्वास्थ्य संस्था परिभाषाको दायरा फराकिलो गराउदै आधारभूत स्वास्थ्य केन्द्र थप गरिएको। |
| परिच्छेद २, दफा ३ को खण्ड (घ) थप गरिएको, | | (घ) प्रत्येक नागरिकलाई देहायका शीर्षक अन्तर्गतका तोकिए बमोजिमका आधारभुत स्वास्थ्य सेवाहरु निःशुल्क रुपमा प्रदान गर्न सकिनेछ ।<br>(अ) खोप सेवा, एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन सेवा र पोषण सेवा<br>(आ) गर्भवती, प्रसुती तथा सुत्केरी सेवा, परिवार नियोजन, सुरक्षित गर्भपतन लगायत प्रजनन स्वास्थ्य सेवा,<br>(इ) नसर्ने तथा सरुवा रोग सम्बन्धी सेवा,<br>(ई) स्वास्थ्य प्रवर्द्धन सेवा तथा जेष्ठ नागरिक स्वास्थ्य सेवा,<br>(उ) सामान्य आकस्मिक स्वास्थ्य सेवा | निशुल्क रुपमा सञ्चालन हुने सेवा तोकिएको, |
| परिच्छेद २, दफा ५ को उपदफा १ खण्ड छ | (छ) उपमहानगरपालिका स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव | (छ) उपमहानगरपालिका स्वास्थ्य महाशाखा प्रमुख -सदस्य सचिव | नगर स्वास्थ्य समितिको सदस्य सचिवको रुपमा महाशाखा प्रमुखलाई जिम्मेवार गराई कार्य प्रभावकारिता ल्याउन । |

| | | | |
|---|---|---|---|
| परिच्छेद २, दफा ५ को उपदफा १.१ थप गरिएको, | | १.१ नगर स्वास्थ्य समितिको बैठकमा आवश्यकता अनुसार अन्य बिज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ । | नगर स्वास्थ्य समितिको बैठकमा बिज्ञ आवश्यक पर्ने भएकाले । |
| परिच्छेद २, दफा ६ को उपदफा १ खण्ड छ | (छ)उपमहानगरपालिका स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव | (छ) उपमहानगरपालिका स्वास्थ्य महाशाखा प्रमुख -सदस्य सचिव | नगर स्वास्थ्य अनुगमन समिति को सदस्य सचिबको रुपमा महाशाखा प्रमुखलाई जिम्मेवार गराई कार्य प्रभावकारिता ल्याउन । |
| परिच्छेद २, दफा ९ को उपदफा २ खण्ड क | जनशक्ति : नेपाल सरकारबाट.................. उपमहानगरपालिकाको थप मापदण्ड र जनशक्ति थप गर्न सक्नेछ । | जनशक्ति : नेपाल सरकारबाट.................. उपमहानगरपालिकाले मापदण्ड बनाई जनशक्ति थप गर्न सक्नेछ । | भाषामा सरलता ल्याउनका लागि । |
| परिच्छेद २, दफा १२ | पोलिक्लिनिक सञ्चालनको अनुमति:<br>(१)...........व्यक्ति वा संस्थाले पोलिक्लिनिक संञ्चालन गर्न........ | क्लिनिक सञ्चालनको अनुमति:<br>(१)......... .व्यक्ति वा संस्थाले क्लिनिक सञ्चालन गर्न.......<br>(२) उपदफा १ बमोजिमको अनुमतिको लागि आवश्यक मापदण्ड बनाई लागु गरिनेछ । | पोलिक्लिनिक सञ्चालनको अनुमति प्रदेश स्तरमा रहेकाले, |
| परिच्छेद ३, दफा २० को उपदफा १ | (१) ...............<br>उपमहानगरपालिकाले करारमा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्नेछ । | (१) ...............<br>उपमहानगरपालिकाले सेवा करारमा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्नेछ । | समायोजन भएर स्वास्थ्यकर्मी नआएमा सेवा करारबाट कार्य गर्नुपर्ने भएकाले । |

**प्रस्ताव नं.९.४**

**"घ" वर्गको इजाजतपत्र सम्बन्धमा ।**

**निर्णय नं.९.४**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को ६(१०) तथा बुटवल उपमहानगरपालिकाद्धारा स्वीकृत "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ को नियम २ को उपनियम २ सँग सम्बन्धित अनुसूची ५ बमोजिम योग्यता भए नभएको सम्बन्धमा गठित सिफारिस समितिबाट नयाँ इजाजतपत्रका लागि सिफारिस भई पेश भए बमोजिम देहाय बमोजिमका फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क.सं. | निर्माण व्यवसायी | ठेगाना |
|---|---|---|
| १. | श्री सुवेज्ञा सुवेक्षा मल्टीप्रपोज प्रा.लि. | बुटवल-१९ |
| २. | श्री सिम्प्लेक्स इन्फ्रास्ट्रक्चर्स एण्ड डेभलपर्स प्रा.लि. | बुटवल-११ |
| ३. | श्री इच्छापुरेश्वर कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | बुटवल-४ |

प्रस्ताव नं.९.५ विविध ।

प्रस्ताव नं.९.५.१

संस्थागत क्षमता मूल्यांकन सम्बन्धमा ।

निर्णय नं.९.५.१

आ.व.२०७८/०७९ का लागि स्थानीय तह संस्थागत क्षमता मूल्यांकन (LISA) का विषय क्षेत्रहरु क्रमशः शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, बार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सहकार्य र समन्वयहरुमा प्रविष्ट गरिएका कागजातहरुको अभिलेखहरु जाँच गरी सबै महाशाखा एवं शाखा प्रमुखहरुसँग छलफल गरी पृष्ठपोषण पश्चात यस बुटवल उपमहानगरपालिकाको समग्र स्थिति ९८.८1%, प्रक्रियागत स्थिति ९२.६५%, परिमाणात्मक स्थितिमा ९८.४४% प्राप्तांक रहेको र स्व-मूल्यांकनका दश विषय क्षेत्रहरुमा देहाय बमोजिमको प्राप्तांक प्राप्त भएको व्यहोरा जानकारी भयो । स्वमूल्यांकन अनुसार ९४.७५% अंक प्राप्त भएको हुँदा सो प्राप्तांकलाई अनुमोदन गरी जिल्ला समन्वय समिति रुपन्देहीमा लेखी पठाउने निर्णय गरियो ।

शासकीय प्रवन्ध : १००%

संगठन तथा प्रशासन : १००%

बार्षिक बजेट तथा योजना व्यवस्थापन : ९५.४५%

वित्तीय एवं आर्थिक व्यवस्थापन : ९३.१८%

सेवा प्रवाह : ८७.५%

न्यायिक कार्य सम्पादन : १००%

भौतिक पूर्वाधार : ९६.१५%

सामाजिक समावेशीकरण : १००%

वातावरण संरक्षण तथा विपद व्यवस्थापन : ८३.३३%

सहकार्य र समन्वय : १००%

साथै सम्पादन हुन बाँकी रहेका देहायका विषय क्षेत्रहरुमा थप सुधार गर्दै जाने समेत निर्णय गरियो।

(क) सार्वजनिक सुनुवाई,

(ख) आन्तरिक नियन्त्रण प्रणाली,

(ग) आपतकालीन कार्य संचालन केन्द्रको स्थापना,

(घ) मध्यकालीन खर्च संरचना (MTEF)।

प्रस्ताव नं.९.५.२

सहयोग सम्बन्धमा ।

निर्णय नं.९.५.२

देहायका संघ संस्था एव ब्यक्तिहरुबाट सहयोग माग भई आएको विषय आजको बैठकमा प्रस्तुत भई छलफल हुँदा देहायका संघसंस्थाहरुलाई देहायको प्रयोजनका लागि देहाय बमोजिमको सहयोग बिभिन्न संघ सस्थाहरु संग सहकार्य शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १.लुम्बिनी वाणिज्य क्याम्पस | कार्यक्रम सहयोग | रु.१ लाख ५० हजार |
| २.राष्ट्रिय भुमि आयोग रुपन्देही | आन्तरिक व्यवस्थापन संचालन खर्च | रु.१ लाख |
| ३. रेगन श्रेष्ठ, स्नूकर खेलाडी,बुटवल निवासी सहयोग | | रु.१ लाख |
| ४.कर्ण बहादुर कार्की,सदस्य, पत्रकार महासघं,रुपन्देही उपचार सहयोग | | रु.१ लाख |

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्ति भएको जानकारी गराउनु भयो ।